बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

## प्रेस विज्ञप्ति

## कोरोना बीमा दाबी भुक्तानी सम्बन्धमा

नेपाल सरकारको चालु आ.व. २०७७/०७८ को बजेट बक्तव्यमा कोरोना बीमामा ५० प्रतिशत अनुदान दिने र राष्ट्रसेवक कर्मचारीहरुको नि:शुल्क कोरोना बीमा गर्ने निर्णय भए अनुसार देशमा स्थापित निर्जीवन बीमा कम्पनीहरु र नेपाल पुनर्बीमा कम्पनी बीच एक आपसमा बीमा पुल खडा गरी कोरोना बीमा मापदण्ड बनाई कोरोना बीमालेख बिक्री भइरहेको सबैमा विदितै छ। हाल कोरोना बीमालेख खरिद गरेको बीमितहरुले समयमै दाबी भुक्तानी प्राप्त गर्न नसकेको समाचारहरु विभिन्न सञ्चार माध्यमहरुबाट आई रहेको प्रति बीमा समितिको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा सम्पूर्ण बीमित वर्गहरुमा अनुरोध गर्दछौँ।

विभिन्न सञ्चार माध्यमहरुबाट आइरहेको समाचारहरु समेतलाई मध्यनजर गरी बीमा क्षेत्रको नियामक निकाय बीमा समितिले बीमा दाबी भुक्तानी सम्बन्धमा बीमा पुल व्यवस्थापक श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडमा गरेको स्थलगत निरीक्षण अनुसार देहायका समस्याहरु रहेको पाइएको छ :

(१) बीमालेख खरिद गरेका बीमितहरुले दाबी भुक्तानीका लागि कोरोना बीमा मापदण्ड, २०७७ ले तोकेका सम्पूर्ण कागजातहरु सहित सम्बन्धित बीमा कम्पनीमा निवेदन दिनुपर्ने र सम्बन्धित बीमा कम्पनीले सबै कागजात पुरा भए नभएको यकिन गरी कागजात पुरा भएका फाइलहरु भुक्तानीका लागि बीमा पुल व्यवस्थापक शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडमा पठाउनु पर्नेमा केही फाइलहरु कागजात पुरा गरेको नदेखिएकोले बीमा समितिले सबै निर्जीवन बीमा कम्पनीहरुमा दाबी भुक्तानीमा सबै कागजात हेरी रुजु गरेर मात्र पठाउन निर्देशन गरिएको ।

(२) कोरोना बीमा मापदण्ड अनुसार कोरोना बीमाको दायित्व बीमा समिति र नेपाल सरकारको समेत हुने भएकोले यसको लेखा परीक्षण श्री महालेखा परीक्षकको कार्यालयबाट हुने हुँदा कोरोना बीमा मापदण्ड अनुसार कतिपय स्पष्ट नभएका कोरोना परीक्षण रिपोर्ट नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) मा भेरिफिकेशनका लागि पठाउनुपर्ने भएकोले केही समय लाग्न गएको।

(३) बीमाको सर्वमान्य सिद्धान्त अनुसार एउटै दाबी विभिन्न बीमा कम्पनीहरूबाट छुट्टा छुट्टै किसिमले भुक्तानी नगर्ने हुँदा कतिपय बीमा दाबीहरू दोहोरो पर्ने भएकोले पनि भेरिफिकेशन गर्न र दोहोरो भुक्तानी नियन्त्रण गर्न केही समय लाग्न गएको।

(४) कोरोना महामारीका कारण सबैभन्दा बढी गत असोज र कार्तिक महिनामा संक्रमण भएको र उक्त समयमा बीमा कम्पनीहरूमा कार्यरत कर्मचारी एवं बीमा समितिमा कार्यरत कर्मचारीहरूमा समेत संक्रमण देखिएकोले उक्त महिनामा दाबी भुक्तानी प्रकृया अवरूद्ध हनु पुगेको व्यहोरा सम्पूर्णमा अनुरोध गर्दछौं। उक्त अवधिको दाबी भुक्तानीका लागि यो महिनामा सबैभन्दा बढी चाप पर्न गएको र यो चाप कम भएपछि नियमित तवरले भुक्तानी प्रकृया संचालन हुने भएकोले केही समयसम्म धैर्य गरिदिनु हुन अनुरोध गर्दछौँ।

अन्तमा, बीमा क्षेत्रको विकास, विस्तार एवं संस्थागत सुशासन कायम गर्न र बीमा दाबी भुक्तानी प्रकृया सरल बनाउन बीमा समिति प्रतिवद्ध रहेको छ। बीमा भनेको नै क्षति हुँदाको असल सारथी भएकोले सम्पूर्ण बीमित वर्गले दाबी भुक्तानी प्राप्त गर्न सक्ने व्यहोरा अनुरोध गर्दछौँ।

यसै सन्दर्भमा मिति २०७७/८/२४ गते बुधबार सम्मको बीमा दाबी भुक्तानी स्थिति निम्नानुसार रहेको व्यहोरा जानकारी गराउदै नियमित रुपले सूचना प्रवाह गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौँ।

क. कागजात पुरा भएका दाबी संख्या : १७,२३५
ख. भेरीफिकेशन लागि स्वास्थ्य सेवा विभागमा पठाएको संख्या : ४,१५२
ग. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भेरीफिकेशन भएर आएको संख्या : २,४९३
घ. दाबी भुक्तानीको विवरण संख्या : ८,१४५
ङ. सबै कागजात पुरा भई भुक्तानी गर्न बाँकी संख्या : ९,०९०
च. कागजात नपुगी पुन: निर्जीवन बीमा कम्पनीहरुमा फिर्ता भएको दाबी संख्या : १,१३६

मिति: २०७७।०८।२५

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक /प्रवक्ता

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np